# लालीगुराँस नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, तेह्रथुम

(कोशी प्रदेश, नेपाल)

पत्र संख्या: २०८१।०८२ मिति: २०८१।०७।२९

च.नं. ४२२

लालीगुराँस नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, तेह्रथुम कोशी प्रदेश, नेपाल

**करार सेवामा कर्मचारी माग गरिएको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।०७।२९)

लालीगुराँस नगरपालिकालाई देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समयभित्र छ सय रुपैया राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन फाराम सहितको विस्तृत विवरण कार्यालयबाट सोझै वा कार्यालयको वेवसाइट www.laliguransmun.gov.np बाट उपलब्ध हुनेछ।

| विज्ञापन नं. | पद नाम | संख्या | सेवा सुविधा | करार अवधि |
|---|---|---|---|---|
| ०४-२०८१।०८२ | हेल्थ असिस्टेण्ट (सहायक पाँचौं तह वा सो सरह) | २ (दुई) | सम्बन्धित तहले पाउने न्युनतम तलव स्केल मात्र। | सम्बन्धित पदमा स्थायी कर्मचारी नआउञ्जेलसम्म। |
| ०२-२०८१।०८२ | स्टाफ नर्स (सहायक पाँचौं तह वा सो सरह) | १ (एक) | | |

क. **शैक्षिक योग्यता र अनुभवः**

१. नेपाली नागरिक। २. न्यूनतम योग्यता (माथि उल्लिखित विभिन्न पदका लागि लोक सेवा आयोगले निर्धारण गरे बमोजिम न्युनतम योग्यता हुनेछ) ३. यस अघि कार्य गरेको अनुभव भए प्रमाणित कागजात संलग्न गर्नु पर्नेछ। ४. १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने। ५. सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने। ६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्ने।

ख. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेद्वारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेद्वार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने। स्थायी बसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ।

पुनश्चः लालीगुराँस नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ मा उल्लेख भएको प्रकृया बमोजिम कर्मचारी छनोट गरिनेछ। परीक्षाको तालिका संक्षिप्त सूची प्रकाशित गरेको सूचनामै प्रकाशित गरिनेछ। थप जानकारी यस कार्यालयका सूचना प्रविधि अधिकृत श्री संजय दाहाल (९८५२०९९७९५) वा स्वास्थ्य शाखा प्रमुख श्री शत्रुघन प्रसाद साह (९८४२५८९४५५) सँग बुझ्न सकिनेछ।

२०८१।०७।२९

(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत